# समाचार सन्देश

वर्ष १५, अङ्क १०    आई.पी.एस्. लेख रचनाको सँगालो,    असार १७-३१, २०६५ (जुलाई १-१५, २००८)

# राजनीति-मलेसिया : बादवी राजीनामा दिँदैनन, बरु सुधार चाहान्छन्

– बरादन कुप्पुसामी

क्वालालम्पुर (आई.पी.एस्./एन्.पी.आई.) – चर्को दबाब झेलिरहेका मलेसियाका प्रधानमन्त्री अब्दुल्लाह बदावीले आफू आउँदो सन् २०१० को मध्येसम्म पदमै रहने बताएर राष्ट्रलाई अचम्मित पारेका छन् । गत मार्च ८ मा सम्पन्न निर्वाचनमा १४ पार्टी सम्मिलित राष्ट्रिय मोर्चा नामको गठबन्धनले नराम्रो पराजय बेहोरेपछि बदावीमाथि पदत्याग गर्न दबाब चुलिइरहेका बेला यो भनाई सार्वजनिक भएको छ ।

बदाविको घोषणाले मुलुकबासीलाई विशेषगरी किन पनि आश्चर्यमा पारेको छ भने, यसको तात्पर्य उनको उत्तराधीकारीका रूपमा व्यापक रूचाइएका उपप्रधानमन्त्री नाजिब रजाकले अब झण्डै दुई वर्ष त्यो पदका लागि कुर्नुपर्नेछ ।

सत्ता हस्तान्तरण गर्ने यो लामो अवधिले आलोचकहरू अन्योलमा परेका छन्, जसमध्ये केहीले यसलाई बदावी आफ्नो प्रस्थानलाई ढिलो गर्न चाहन्छन् भनी अर्थ्याएका छन् । औपचारिक रूपमा बदावीको पद सन् २०१३ मा समाप्त हुन्छ । तर केहीले भने यसलाई आफूले थालेका कार्य पूरा गर्न उनले चालेको इमान्दार कदम भनी टिप्पणी गरेका छन् ।

बदावी स्वयं आफूले थालेका सुधारका कार्यहरू पूरा गर्न थप दुई वर्ष समय आवश्यक भएको बताउँछन् । उनी सत्ताबाट बाहिरिनुभन्दा अघी गिर्दो अर्थतन्त्र माथि उकास्न पनि यो समय आवश्यक भएको ठान्छन् ।

‘म मुलुकलाई संकटमा पारेर छोड्न चाहन्न’ गत १० जुलाईमा नाटकिय घोषणा गरेको भोलिपल्ट उनले राष्ट्रिय टेलिभिजनमार्फत मलेसियाली जनतालाई भने, ‘त्यसो गर्नु भनेको गैरजिम्मेवारपूर्ण कार्य हुनेछ ।’

बदावीको घोषणा आए पनि उनका राजनीतिक प्रतिपक्षीहरू- उनकै सत्तासीन युनाइटेड न्यास्नल अर्गनाइजेसन (युएमएनओ) पार्टी र सत्ताबाहिरका दुवैले उनको तत्काल राजीनामा माग गरिरहेका छन् । उनीहरूले बदावीको राजीनामाले मात्र गठबन्धनले नयाँ नेताको मार्ग प्रशस्त गर्ने र निर्वाचनमा गुमेको स्थान पुन:प्राप्ति हुने बताएका छन् ।

बदावीको तत्काल राजीनामा माग्ने आलोचकहरूमध्ये सबैभन्दा मुख्य व्यक्ति पूर्व प्रधानमन्त्री डा. महाथिर मोहमद हुन्, उनैले बदावीलाई आफ्नो उत्तराधिकारी चयन गरेका थिए ।

‘२०१० मा होइन, डिसेम्बरमा पनि होइन, युएमएनओलाई पुन:स्थापित गर्ने भनेको अहिल्यै नजिब (रजक) लाई जिम्मेबारी हस्तान्तरण गर्नु हो’ गत

**अनुरोध**

**‘समाचार सन्देश’ का सामग्री पुन: प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन् ।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

**– सम्पादक**

जुलाई ११ मा महाथिरले आफ्नो ब्लग डब्ल्युडब्ल्युडब्ल्यु डट सिएचइडिइटी डट कममा लेखेका छन्, 'उनले पार्टीलाई पुन:जीवन दिन सक्तैनन् किनभने जनता उनको राजीनामा चाहान्छन र त्यसपछि समर्थन बिएन (सत्तासीन गठबन्धन) मा फर्किनेछ ।'

२०१० मा पदत्याग गर्ने प्रस्तावले राष्ट्रिय राजनीतिलाई अस्थायी रूपमा शान्त पारेको छ तर तनावको मूलभुत कारणहरू- प्रमुख सत्तासीन घटकहरूबीच शक्तिको घृणित प्रतिस्पर्धा भने समाधान गरेको छैन ।

अधिकांश राजनीतिक विश्लेषकहरू बदावीले गत डिसेम्बरमा सम्पन्न युएमएनओ निर्वाचनमा राजकद्वारा चुनौती खेपेको, तर त्यो चुनौती टार्न २०१० को मध्यमामात्र पद हस्तान्तरण गर्ने प्रस्ताव गरेको बताउँछन् ।

'यसबीच धेरै कुरा हुनसक्छ' न्यास्नल युनिवर्सिटी अफ मलेशियाका एक जना वरिष्ठ वुद्धिजीवी भन्छन् । घृणित राजनीतिक वातावरण औंल्याउँदै उनले नाम उल्लेख गर्न अस्वीकार गरे ।

'नजिव मंगोलियन अनुवादकको हत्यामा संलग्न भएको आरोप लगाएर उनी राजनीतिक रूपमा अनवरद्वारा ध्वस्त बनाइएका छन्' ती वुद्धिजीवी भन्छन्, 'यो मुद्दा अझै सुल्झिएको छैन र धेरै प्रश्नहरू अनुत्तरित छन् ।'

'यो कठिन घडिमा नजिवको अवससलाई कहिल्यै मर्मत गर्न नसक्नेगरी क्षति पुऱ्याउन (२००६ को सनसनीपूर्ण हत्याबारे) अझ धेरै फोहरी क्रियाकलापहरू सतहमा आउन सक्नेछ' उनले जोड दिए ।

गत जुलाई ३ मा आयोजित पत्रकार सम्मेलनमा प्रतिपक्षी नेता अनवर इब्राहिमले खडा गरेको एक जना पूर्व प्रहरी अधिकारीले मंगोलियन अनुवादक (मोडल) अल्तानतुया सारिबुसँग रजाकको प्रेम सम्बन्ध भएको दाबी गरेका थिए । तर उक्त दावीलाई उपप्रधानमन्त्री रजाकले कडा रूपमा अस्वीकार गरेका छन् ।

प्रतिपक्षी नेता इब्राहिमले उपप्रधानमन्त्रीमाथि आफ्ना साहायकसँग विशेष प्रकारको समलिङ्गी सम्बन्ध (सोदोमी) राखेको आरोप लगाएर उनको राजनीतिक भविष्य छाँयामा पारिदिएका छन् । तर इब्राहिमले आफूले आउँदो प्रधानबन्धी बन्ने महत्वकांक्षा नराखेको सार्वजनिक रूपमा घोषणा गरेका छन् ।

बदावी युएमएनओको अध्यक्षता गर्नबाट रोक्ने रजाकको चुनौति अल्पकालीन रूपमा टरेको देखिन्छ (युएमएनओको विजेता स्वत: प्रधानमन्त्री हुन्छन) । तर, उनीसामु अझै इब्राहिमको चुनौती कायमै छ, जसले उनको सत्तालाई पल्टाउन सक्छन् ।

इब्राहिमले निरन्तर उनको खुट्टामा प्रहार गर्दै आएका छन र संसदमा उनीविरुद्ध अविश्वास प्रस्ताव राख्दै आएका छन, मुलुकभर ठूला जुलुसहरू गरेका छन र एक वा अर्को कारण देखाउँदै राजधानी क्वालालम्पुरमा दैनिकजसो प्रदर्शन गर्दै आएका छन् । उनले आगामी सेप्टेम्बर १७ मा राष्ट्रिय दिवससम्ममा सत्ता कब्जा गर्ने प्रतिज्ञा गरेका छन् ।

प्रतिपक्षी पार्टीलाई पहिलो चोटी मतदान गर्ने सर्वसाधारण जनता राजनीतिक द्वन्द्वले गर्दा इब्राहिमले बाचा गरेका आधारभूत सुधारका कार्यहरू पूरा नहुने हो कि भन्नेमा चिन्तित छन् ।

यसैगरी, बदावीको सर्वआलोचित न्यायलय, भ्रष्ट र अप्रभावकारी प्रहरी बल र प्रशासनयन्त्रमा व्याप्त भ्रष्टाचारविरुद्ध लड्ने सुरूका कदमहरू यदि उनी सत्ताच्युत भए त्यसैत्यसै समाप्त हुनेछन् ।

'नजिवले यो काम दुई वर्षमा गरे पनि या अनवरले सत्ता कब्जा गरे पनि अनिश्चिताहरू गुणात्मक रूपले थपिन्छनमात्रै' ती वुद्धिजीवीले भने, 'मैले देखेको छैन कि मलेशियाले आगामी पाँच वर्ष चैनले श्वास फेर्नेछ । राजनीति अनिश्चित छ, अर्थतन्त्र ओरालो लागेको छ र भविष्य वादलमय देखिन्छ ।'

मलेशियाका अति सम्मानित दोस्रो प्रधानमन्त्री अब्दुल रजाकको छोराको नाताले रजाकको राम्रो राजनीतिक छवि छ । अब्दुल रजाक 'भुमिपुत्र' सकारात्मक कार्यनीतिको वास्तविक योजनाकार हुन्, जुन नीतिका कारण आदिवासी मलायहरूलाई गरिबीमुक्त गर्न सकियो ।

रजाक वर्षौंसम्म महाथिरको छायाँमा परे र अझै पनि 'डा. महाथिरको वफादारका रूपमा चिनिन्छन् । उनी आदिवासी-राष्ट्रवाद, ठूला उद्योगमा केन्द्रित तथा वातावरण, मानवअधिकार तथा व्यक्ति केन्द्रित मुद्दाहरूलाई कम महत्व दिने महाथिरका नीतिहरूका समर्थकका रूपमा परिचित छन् ।

'यदि रजाक प्रधानमन्त्री बने भने', ती वुद्धिजीवी तर्क गर्छन्, 'महाथिर सरकारको सल्लाहकारका रूपमा फर्किने अपेक्षा छ र नीतिनिर्णयमा उनको ठूलो प्रभाव रहनेछ ।'

# इराक : शरणार्थीहरू आफ्नै सरकारबाट पनि पिडीत

– अली घरिब

वासिंटन (आई.पी.एस्./एन्.पी.आई.) - इराकको शरणार्थी संकट निरन्तर कठिन बन्दै गइरहेको अवस्थामा, प्रधानमन्त्री नुरी अल-मालीकीको सरकार हिंसाका कारण विस्थापित करिब ५० लाख इराकीलाई सहयोग गर्न असमर्थ भएको इन्टरन्यास्नल क्राइसिस ग्रुप (आइसिजी) ले जनाएको छ ।

'असफल जवाफदेहिता: सिरिया, जोर्डन र लेबनन' शीर्षक आइसिजी रिर्पोटमा अमेरिकी सेनाको 'सर्ज' रणनीतिको सापेक्षिक सफलताका कारण धेरै इराकी जनताको जीवनमा सुधार आएको बताइए पनि छिमेकी मुलुकमा शरणार्थी जीवन विताइरहेका इराकीहरू अझै दयनिय अवस्थाबाट गुज्रिरहेको स्वीकार गरिएको छ ।

इराकी अधिकारी र अन्तर्राष्ट्रिय समुदाय, विशेषगरी अमेसिरी सरकारले निकै कम सहयोग गरेकाले शरणार्थीहरूले दारूण आर्थिक अवस्था र कठोर नीतिहरू सामना गर्नु परिरहेको रिर्पोटमा उल्लेख छ ।

'तेल बेचेको पैसा भए पनि, इराकी अधिकारीहरू षडयन्त्रमुलक ढंगले विदेशमा रहेका आफ्ना नागरिकप्रति अनुदार देखिएको छ' रिपोर्टमा भनिएको छ ।

शरण दिने मुलुकलाई भिषा नीति कडा बनाउन प्रोत्साहन गरेर र इराकी कागजपत्रमा शरणार्थीहरूको पहुँच सिमित गराएर इराकी सरकारले उनीहरूको जीवन कष्ठकर तुल्याएका हुन् ।

रिपोर्ट अनुसार बाग्दादस्थित इराकी गृहमन्त्रालयले आफ्ना नागरिकको विस्थापनलाई नियन्त्रण गर्ने प्रयास स्वरूप कदम चालेका छन । र, नयाँ ऐननियम लागू भएको परिस्थितिमा बाथ (पूर्व राष्ट्रपति सद्दाम हुसेनको पार्टी) सदस्य र समर्थकहरू पलायन हुन खोजेको ठान्दै त्यसमा प्रतिबन्ध लगाएको छ ।

'शरणार्थीहरूमध्ये पूर्व शासनका वरिष्ठ अधिकारीहरू रहेकोमा शंका छैन, तर यसो भन्दैमा कुनै शासन विशेषभन्दा पनि राष्ट्रका निम्ति सेवा गरेका ठूलो संख्यामा गैरराजनीतिक व्यक्तिलाई बेवास्था गर्नु हुँदैन' रिर्पोटमा भनिएको छ । इराकले आफ्नो अधिकांश व्यवसायिक वर्गलाई गुमाएको यसमा उल्लेख छ ।

धेरै स्वेत शरणार्थीहरूले इराकमा हिंसा चर्किएपछि आफ्ना शैक्षिक प्रमाणपत्र र अन्य कागजातहरू जफत गरेको बतएका छन् । यसले गर्दा शरण दिने मुलुकले व्यवसायिक कामका लागि अनुमति दिए पनि उनीहरूको त्यसमा पहुँच सिमित भएको छ ।

शरणार्थीहरू काम गर्न असमर्थ भएमा अभावग्रस्त स्थितिले उनीहरूलाई विद्रोहतिर धकेल्ने र यसले इराकी विद्रोह र कट्टरतावाद बढाउने रिपोर्टमा चेतावनी दिइएको छ ।

'इराकी शरणार्थीमा बढ्दो संकट र बेरोजगारी चिन्ताका विषय हुन्' रिपोर्टमा भनिएको छ, 'र केही अनुगमनकर्ताले युवा पुरुष शरणार्थीहरू अल-कायदाजस्तै सशस्त्र समुहमा आवद्ध हुने संभावना औल्याएका छन् ।'

शरणार्थीको वास्तविक संख्या स्पष्ट छैन । अन्दाजी ५० लाख आँकलन गरिएको छ तर यो मापन

निश्चित हो कि इराक अफगानिस्तानपछि दोस्रो ठूलो संकटमा परेको छ ।

आइसिजीका अनुसार यसको सबैभन्दा ठूलो बोझ सिरिया, लेबनन र अन्य छिमेकी मुलुकमा परेको जनाएको छ । यी मुलुकले कुल विस्थापितमध्ये आधीजतिलाई शरण दिएका छन । तर, त्यहाँ अमैत्री व्यवहारका कारण इराकीले सेवा र अवसरहरू निकै थोरै पाएका छन् ।

अमेरिका र धनी अरब राष्ट्रसहितका अन्य अन्तर्राष्ट्रिय समुदायले पनि यो संकटलाई थप बढवा दिएका छन् । आइसिजीका अनुसार उनीहरूले न शरण दिने काम गरेका छन न शरण दिने मुलुक र दातृ संघसंस्थालाई पर्याप्त आर्थिक साहयता उपलब्ध गराएका छन् ।

'दातृ मुलुकहरू र इराकले शरणार्थीहरू र शरण दिने मुलुक दुवैलाई सहयोग गर्ने ठूलो उत्तरदायित्व पूरा गर्नपर्छ' रिर्पोटमा सुझाइएको छ, 'पश्चिमा मुलुकहरू शरणार्थी चुनौति शरण दिने मुलुक स्वयले खेपुन् भनेर खुसी छन्, उनीहरू तिनलाई आर्थिक सहयोग गर्न पनि अनुदार देखिएका छन् र तिनको पुन:स्थापन गर्नमा पनि कडा प्रतिरोध गरेका छन् ।'

शरण दिने मुलुक तनाबमा रहेको र अन्तर्राष्ट्रिय तथा इराकी सहयोग ज्यादै न्यून रहेको अवस्थामा धेरैजसो शरणार्थीहरू मुख्यत: व्यक्तिगत बचत र इराक र अन्यत्र रहेका आफन्तका रेमिट्यान्सको भर परिरहेका छन् ।

रिपोर्ट अनुसार शरणार्थी सिविरहरूमा अपराधका घटना पहिल्यैदेखि निकै बढेका छन । इराकी बालबालिकाहरूलाई शिक्षाको पहुँच कम भएको ठाउँमा यस्ता घटना बढेका छन र त्यस्ता बालबालिका र महिलाहरू अक्सर शोषणमा परेका छन् । परिस्थिति यति दयनिय बन्दै गइरहेको छ कि केही शरणार्थीहरू शरण दिने मुलुकमा अवस्था झन प्रतिकुल भएकाले आफ्नै युद्धग्रस्त मुलुक फर्किएका छन् ।

धेरैले चाहे पनि फर्किने शरणार्थीहरूको संख्या सिमित छ । अक्सर शरणार्थीहरू स्वदेश फिर्न सक्तैनन्, किनभने तिनका पहिलेका जातिय सफायका मिश्रित अनुभव र प्रतिद्वन्द्वी समुदायका सदस्य, त्यसमा पनि धेरैजसो लडाकुहरूले तिनका घर भरिएका छन् । शरणार्थी समुदायमा अझै साम्प्रदायिक रेखा प्रष्टै छ ।

'अवश्य उनीहरू सुन्नी-सिट्टी समस्याहरूबारे कुरा गर्छन, अवश्य उनीहरू तिम्रो अगाडि चिढिन्छन् । तर, तिनले गर्ने यत्ती हो' आफू इराकीका हरेक पक्षको प्रतिवाद गर्ने बताउने जोर्डनस्थित एक इराकी सुन्नीले भने, 'यो उनीहरूको जीवन र विगत अर्थ्याउने शैली हो ।'

इराक अझै तनावमय र ध्वस्त ठाउँ हुँदाहुँदै पनि, आइसिजीले इराकी सरकराले विदेशमा रहेका शरणार्थीलाई सहयोग गर्ने र ठूलो संख्यामा शरणार्थी स्वदेश फर्किने कुरालाई दुरुत्साहन गरे पनि आउन चाहनेलाई भने सहयोग गर्ने संयन्त्र निर्माण गर्नुपर्ने सिफारिस गरेको छ ।

सिरिया, जोर्डन र लेबननले पनि शरणार्थीलाई संगठित गर्न आफ्ना प्रयासलाई नाटकिय रूपले बढाउनुपर्ने सुझाइएको छ ।

रिर्पोट अनुसार जोर्डनमा हिंस्साबाट विस्थापित भएका इराकीहरूलाई पनि शरणार्थीको हैसियत दिनुको सट्टा उनीहरूलाई 'अतिथी' को दर्जा दिइएको छ जसले गर्दा अवस्था झन् दयनिय बन्न पुगेको छ ।

जोर्डनमा पहिल्यै लगानी गर्ने अनुमति पाइसकेका व्यक्तिहरूलाई पनि बसोबास अनुमति वर्षैपिच्छे नविकरण गर्नुपर्ने नियम बनाइएको छ र नयाँलाई 'ढोका बन्द नीति' लागू गरेका छन् । विगतमा कम्तिमा धनी इराकीलाई त्यहाँ सहजै स्थायी बसोबास अनुमति मिल्थ्यो ।

सिरियामा स्थानीय अधिकारीहरूले इराकी प्रधानमन्त्री अल-मालीकीले इराकी शरणार्थीलाई भिषा कडाई गर्न गत वर्ष सेप्टेम्बरदेखि प्रोत्साहन गरेको आइसिजीसँग दाबी गरे ।

आउजाउमा बन्देजले 'ढोका खुला नीति' प्रभावकारी रूपले अन्त्य गरेको छ र सिरिया र पश्चिमा मुलुक विशेषगरी अमेरिकाबीचको तिक्त सम्बन्धले त्यहाँ शरणार्थीको अवस्थालाई झन् दयनिय बनाएको छ ।

आइसिजीले सिरियाप्रति राजनीति प्ररित थोरै सहयोग र मानविय साहयताबाट अलग्याउने कार्य रोक्न अमेरिकासँग आग्रह गरेको छ । रिर्पोटमा सम्बन्धित कुनै पनि पक्षले शरणार्थी संकटबारे सम्बोधन नगरेको उल्लेख गर्दै यो निरन्तर रहे यसले विस्फोटक रूप धारण गर्ने औल्याइएको छ ।

# जनसंख्या-पाकिस्तान: गैरकानुनी असुरक्षित गर्भपतन

– जोफिन इब्राहिम

कराची (आई.पी.एस्. / एन्.पी.आई.) – दशौं हजार पाकिस्तानी महिलाका लागि विश्व जनसंख्या दिवसको सन्देश 'परिवार नियोजन गरौं, यसलाई वास्तविकता बनाऔं' भन्ने सन्देश खोक्रो लाग्नुपर्छ । जब उनीहरू गर्भपतन इस्लामिक कार्य हो वा गैर इस्लामिक भन्ने वादविवाद गर्छन्, त्यतिबेला उनीहरूसँग असुरक्षित र गैरकानुनी गर्भपात गराउने बाहेक अर्को विकल्प हुँदैन ।

सन् २००४ मा 'पाकिस्तानमा अनिच्छित गर्भधारण र गर्भपतनपछिका जटिलताहरू' शीर्षकमा त्यहाँको जनसंख्या परिषदले दुई वर्ष लगाएर गरेको एक अध्ययन आँखा उघार्ने आँकडामात्र हो । यो अध्ययनमा प्रजनन उमेरका प्रतिएक हजार पाकिस्तानी महिलामध्ये करिब २९ जनाले गर्भपतन गराउन चाहेको र मुलुकमा वार्षिक अन्दाजी ८ लाख ९० हजार गर्भपतन हुने उल्लेख छ ।

तर, जब यससम्बन्धी कार्यकर्ता र स्वास्थ्यकर्मीहरू, जो गर्भसम्बन्धी जटिलताबाट महिलाहरूको ज्यान गएको नियमित साक्षी बन्छन्, उनीहरूले गर्भपात (१ सय २० दिनभन्दा बढीको) गराउनु गैरइस्लामिक र गैरकानुनी हो कि होइन भनेर असान्दर्भिक बहस गर्नुले यो मुद्दालाई उल्टै कठिन बनाउने काम भएको बताएका छन् ।

खालिद जाहिरजस्ता उदारवादी इस्लामिक बुद्धिजीवी समेत आमाको जीवनको प्रश्न नउठेसम्म १ सय २० दिन नाघेको गर्भ तुहाउनु 'सबैभन्दा ठूलो पाप' गरेको ठान्छन् भने यसले गर्भपात समर्थकको पक्षमा वकालत गर्नेलाई सहयोग भने पुऱ्याउँदैन ।

पाकिस्तान र छिमेकी भारतका इस्लामिक बुद्धिजीवीहरू 'हादिथ' (प्रोफेटको भनाइ) लाई १ सय २० दिनभन्दा बढी नभएको गर्भपात गराउनु स्वीकार्य भएको रूपमा अर्थ्याउँछन् । यसले यो क्षेत्रमा गर्भपतनको अवधारणालाई पूरै अस्वीकार गरेको संकेत गर्दैन ।

तर जाहिर भने आफूसँग गर्भपतनका सम्बन्धमा 'सामान्य र सोझो' उत्तर नभएको उल्लेख गर्दै परिवारको आकार सिमित पार्ने उदेश्यले 'कुनै हल्का वा फिल्मी कारण' ले मात्र यसलाई स्वीकार्न नसकिने तर्क गर्छन् ।

र, यसैले गर्दा यो द्विविधा धेरै महिला र तिनका चिकित्सकहरूले समाधान नभएको बताउँदै आएका छन् । 'जब कुनै महिला गर्भपतनका लागि अनुरोध गर्दै आउँछिन्, हामी उनलाई फर्काइदिन्छौं किनभने हामी भन्छौं, यो गैरकानुनी हुन्छ, त्यसपछि उनी कुनै सडक पछाडिको क्लिनिकमा जान्छिन् र असुरक्षित गर्भपात गराउँछिन्, त्यस्तो परिस्थितिमा हामीले के गर्नुपर्ने हो ?' सरकारद्वारा सञ्चालित अस्पतालका एक युवा चिकित्सक प्रश्न गर्छन्, 'त्यसपछि तिनै महिला कि अर्धमूर्छित बनेर, कि गम्भीर जटिलतासहित फर्किन्छन् ।'

पाकिस्तानमा प्रति एकलाख जन्मदरमा पाँच सय मातृ मृत्युदरको निराशजनक आँकडा छ । दैनिक ६८ पाकिस्तानी महिलाले गर्भसम्बन्धी समस्याका कारण ज्यान गुमाउँछन् । अधिकारीहरू सन् २०१५ सम्म मातृ मृत्युदर एक तिहाईमा झार्ने शहस्राब्दी विकास लक्ष्य पूरा गर्न पाकिस्तानले उल्लेख्य फड्को मार्न आवश्यक भएको बताउँछन् ।

इन्टरन्यास्नल फेडेरेसन अफ गाइनिकोलोजी एण्ड अब्टिट्रिक्स् (एफआइजीओ) का उपाध्यक्ष डा. साहिदा जाइदीका अनुसार विश्वभर सालिन्दा चार करोड ६० लाखले गर्भपतन गराउनेमध्ये झण्डै १ करोड ९० लाख महिलाले असुरक्षित रूपमा अथवा अदक्ष व्यक्तिद्वारा गर्भपात गराउँछन्, जसले गर्दा करिब ६८ हजार अर्थात् १३ प्रतिशत महिलाको रोक्न सकिने अवस्थामा ज्यान जाने गर्छ । यसरी मृत्युका घटना ९९ प्रतिशत विकासोन्मुख मुलुकमा घट्छन् ।

एफआइजीओ हाल उपेक्षित सिन्ध प्रान्तका विभिन्न भागमा अनिच्छित गर्भधारणहरू न्यून गर्न कार्यरत छ, साथै पाकिस्तानमा सुरक्षित गर्भपतन र त्यसपछिको अवस्था सुधार गर्ने कार्यमा क्रियाशील छ ।

सन् २००७ मा न्यास्नल कमिसन फर म्याटरनल एण्ड नियोन्याटल हेल्थले सोसाइटी अफ अब्सटेट्रिसियन्स् एण्ड गाइनेकोलोजिष्टस् अफ पाकिस्तानसँग मिलेर गरेको अध्ययनको निष्कर्ष २००४ कै जनसंख्या परिषदकै रिपोर्टभन्दा फरक थिएन ।

'पाकिस्तानमा गर्भपतन मुख्यत: परिवार नियोजन विधिका रूपमा प्रयोग गरिएको छ' अध्ययनका प्रमुख डा अज्रा असानले भनिन्, 'अन्तरवार्ताका क्रममा धेरैजसो महिलाले जन्मान्तरका लागि अथवा सन्तान इच्छा पूरा भएकाले गर्भपात चाहेको बताए ।'

'हाम्रो अनुसन्धान अनुसार, ३६ दशमलव ८१ प्रतिशत गर्भपतन अदक्ष परम्परागत गर्भपतन गराउने सुणेनीहरूद्वारा गराइएको पाइयो । विद्विधापूर्ण चाहिँ के भने गर्भपतनसम्बन्धी सबै तालिमहरू चिकित्सक, नर्स र महिला स्वास्थ्य स्वयंसेवीलाई उपलब्ध गराइएको हुन्छ तर सुणेनीलाई कहिल्यै दिइएको हुँदैन' उनले भनिन् ।

परम्परागत गर्भपतन विधिमा कि डिलाटेसन र क्युरेटेज अथवा लामिनारिया सेन्ट (सामुन्द्रिक झारको डाँठबाट निस्किने चोप) प्रयोग गरिन्छ । यीमध्ये कुनै पनि विश्व स्वास्थ्य संगठनले प्रयोग गर्न सिफारिस गरेको छैन । 'जनसंख्या परिषद्को रिपोर्ट सार्वजनिक भएपछि गर्भपतनजस्तो मार्मिक मुद्दामा सहमति जुटाउन बहस सुरू गर्नु सान्दर्भिक देखिएको थियो,' डेभिड एण्ड लुसिल प्याकर्ड फाउण्डेसनका वरिष्ठ राष्ट्रिय सल्लाहकार डा. यासमिन साविह क्वाजीले आईपीएससँग भनिन्, 'तर यो मुद्दा छिट्टै निष्कर्षमा पुग्ला जस्तो लाग्दैन ।'

यासमिनको फाउण्डेसनले सुरक्षित गर्भपतन अभ्यास र गर्भपतनपछिको हेरचाहाका लागि सहयोग गर्ने गर्छ । उनको अनुभवमा पाकिस्तानमा गर्भपतनलाई कानुनी मान्यता दिलाउनमा 'सबैभन्दा ठूलो बाधक चिकित्सक र स्वास्थ्यसेवा उपलब्धकर्ता नै हुन्, उनीहरू म्याद गुज्रिएको, परम्परागत चिकित्सा शिक्षामा विश्वस्थ छन् जसले गर्भपतनलाई अनैतिक र पूर्णत गैरकानुनी ठान्छ ।'

यद्यपि उनी गर्भपतनलाई कानुनी मान्यता दिनुपर्छ भन्ने पक्षमा अर्को चरणको छलफल सुरु गर्ने पक्षमा छैनन् । 'मलाई व्यक्तिगत रूपमा कस्तो लाग्छ भने हामीले सुतेको कुकुरझैं यसप्रति बेवास्ता गर्नुपर्छ । पाकिस्तानमा गर्भपतन गरेको अभियोगमा कहिल्यै कसैलाई दण्डित गरिएको छैन तर जब हामी कानुन परिवर्तनका लागि यो मुद्दा उठाउँछौं, त्यो अवस्थामा धेरैका रौं ठाडा हुने खतरा छ ।'

क्वाजीका अनुसार वर्तमान कानुनमै चिकित्सक र स्वास्थ्यकर्मीले सुरक्षित गर्भपतन गराउन पर्याप्त ठाउँ छ ।

गर्भपतन गैरकानुनी हुँदा सुरक्षित गर्भपतन सेवा स्वभाविक रूपमा कठिन बन्न पुग्छ, पछि जटिलता थपिने खतरा हुँदाहुँदै महिलाहरू सडक पछाडिका क्लिनिकमा अदक्ष व्यक्तिद्वारा गर्भपात गराउन उनीहरू बाध्य हुन्छन् । सरकारी स्वामित्वमा रहेको कतार जनरल हस्पिटलका स्त्रिरोग विशेषज्ञ डा. सेर्शा सयदका अनुसार यसरी असुरक्षित रूपमा गर्भपतन गराउँदा 'रक्तस्राव, संक्रमण, सेप्टिक सक, सेतो पानी बग्ने लगायतका जटिलता देखिनेमात्र नभई, बाँझोपना र क्रोनिक पेन सिन्ड्रोमजस्ता समस्या बल्झिन सक्छ ।'

गर्भपतनलाई कानुनी मान्यता प्रदान गर्दा त्यसले सुरक्षित गर्भपात अभ्यास गराउन सक्छ । तर, उदाहरणका लागि यससम्बन्धी खुकुलो कानुन भएका अन्य देश (जस्तै, नेपाल र भारत) मा यसले महिलालाई असुरक्षित तरिकाले गर्भपात गराउन नरोकेको स्पष्टै देखिएको छ ।

'यसले उच्चतहमा परिवार नियोजन गर्न जरुरी भएको तर्फ संकेत गर्छ' सयद भन्छन्, 'उनीहरू कि त जन्मान्तर चाहान्छन कि भने परिवारको आकार सिमित पार्न चाहान्छन् ।' उनले परिवार नियोजन सेवाहरूमा पहुँच बढाउन नसक्नु सरकारको कमजोरी रहेको आरोप लगाए ।

अध्ययनहरूले धेरैजसो गर्भपतनहरू अनिच्छित जन्म रोक्नका लागि गरिएको देखाएको छ । परिवार नियोजन सेवाहरूमा पहुँच नहुनु, आर्थिक अभाव र केही अवस्थामा श्रीमान-श्रीमतीबीच परिवारको आकार सम्बन्धमा मतभेदले गर्दा गर्भनिरोधक साधन-चक्कीहरूको उपयोग नगरिँदा अनिच्छित गर्भपतन गराउनु पर्नाका कारण उल्लेख गरिएका छन् ।

'गर्भनिरोधक साधनको उपयोगमा एक प्रमुख अवरोध भनेको यसप्रतिको गलतबुझाई र यसले स्वास्थ्यमा पार्ने प्रतिकुल असरको डर हो : धेरै पाकिस्तानी महिला तथा पुरुषहरू पटक-पटक गर्भपात गराउनुभन्दा पनि गर्भनिरोधक साधनहरू प्रयोग गर्नुमा बढी खतरा देख्छन्' सरकारी रिपोर्टमा भनिएको छ ।

# मृत्युदण्ड–पाकिस्तान : आममाफीले हजारौंको जीवन बचाउन सक्छ

– वीना सरवार

कराँची (**आई.पी.एस्. /एन्.पी.आई.**) – पाकिस्तानमा मृत्युदण्ड पाउने लाइनमा रहेका झण्डै ७ हजार कैदीलाई मुक्त गरिएको छ । यो संख्या विश्वको मृत्युदण्ड सुनाइएका कुल कैदीमध्ये एक चौथाई हो । हत्या गरिएकी राजनेतृ बेनिजिर भुट्टोको सम्मानमा पाकिस्तानका प्रधानमन्त्रीले तिनलाई आममाफी दिई मुक्त गरिएको हो ।

गत ३ जुलाईमा मृत्युदण्ड पर्खाइमा रहेका ती कैदीलाई आममाफी दिई तिनको सजाय आजीवन काराबासमा बदल्ले प्रधानमन्त्री युसुफ राजा गिलानीको प्रस्ताव मन्त्रीपरिषद्ले अनुमोदन गरेको थियो । त्यसअघि भुट्टोको ५५ औं जन्मदिवस जुन २१ का दिन संसदमा तिनको मृत्युदण्डलाई आजन्म काराबासमा सजाय परिवर्तन गर्ने घोषणा गरिएको थियो । गत डिसेम्बरमा एक चुनावी सभाका क्रममा भुट्टोको हत्या गरिएको थियो । उनको पाकिस्तान पिपुल्स पार्टी (पीपीपी) १८ फेब्रुअरीमा सम्पन्न आमचुनावमा सबैभन्दा बढी स्थानमा विजयी भएको थियो ।

पाकिस्तानका मानव अधिकार आयोग (एचआरसीपी) का निर्देशक आई ए रहमानले आइपीएसलाई बताए अनुसार यो सजाय परिवर्तनले आतङ्कवाद वा राष्ट्रपतिको हत्या अभियोग प्रमाणित भएका बाहेक पाकिस्तानका अधिकांश मृत्युदण्ड सुनाइएका कैदीलाई फाइदा पुग्ने अपेक्षा गरिएको छ ।

आधुनिक समयमा सबैभन्दा ठूलो सजाय परिवर्तन मानिएको यसको अन्तिम स्वीकृती भने राष्ट्रपति परवेज मुसर्रफले गर्न बाँकी छ । 'राष्ट्रपतिले यो प्रस्तावलाई अनुमोदन गर्ने संकेतहरू छन्' एक विश्वस्थ जानाकार स्रोतलाई उधृत गर्दै रहमानले भने ।

प्रधानमन्त्रीको घोषणापछि एचआरसीपी र एम्नेस्टी इन्टरन्यास्नल (एआई) ले पाकिस्तानलाई कहिलेसम्म मृत्युदण्ड रोक्ने भन्ने घोषणा गर्न दबाब दिएका थिए । समाचारहरूका अनुसार पाकिस्तानमा यो वर्षको सुरूका पाँच महिनामा औषत सातामा १ जनाका दरले मृत्युदण्ड दिइँदै आएको छ । गत वर्ष १ सय ३५ जनालाई मृत्युदण्ड दिइएको थियो । एआईले रेकर्ड गरेका मृत्युदण्ड दिइने २५ मुलुकमध्ये पाकिस्तान चौथो ठूलो मुलुकमा दरिएको थियो ।

रहमानले पाकिस्तानको पहिलो कदम मृत्युदण्ड रोक्ने कार्य घोषणा गर्नु भएको बताए ।

'कम्तिमा, यो सरकारले कुनै मृत्युदण्ड हुनेछैन र संयुक्त राष्ट्रसंघीय मृत्युदण्डमा र ोकावट सम्बन्धी सहमतीमा हस्ताक्षर गरेपछि त्यसको कार्यालय रहने पक्का गर्न सक्छ' पाकिस्तानस्थित ह्युमन राइट्स् वाच (एचआरडब्ल्यु) का वरिष्ठ अनुसन्धानकर्ता अली दयान सहनले आईपीएससँगको कुराकानीमा सुझाए ।

मृत्युदण्डलाई आजन्म काराबासमा परिवर्तन गर्ने प्रधानमन्त्रीको घोषणाभन्दा चार दिन अघि एचआरडब्ल्युले पाकिस्तानमा मृत्युदण्ड उन्मुलन गर्नुपर्ने र यसबीच मृत्युदण्ड सुनाइएकाहरूको सजाय रोक्का गर्नुपर्ने आह्वान गर्दै प्रधानमन्त्रीलाई खुला पत्र पठाएको थियो । न्यूयोर्कस्थित उक्त संगठनले मृत्युदण्डका अभियोग लगाउने कसुरहरूको संख्या पनि घटाउन आह्वान गरेको थियो । हाल पाकिस्तानभर हत्यादेखि सहमतीमा गैरवैवाहिक सम्बन्ध जस्ता गरी २६ अपराधमा मृत्युदण्ड सम्मको सजाय दिइने व्यवस्था छ ।

'अवश्य पनि, मृत्युदण्ड रोक्ने र यस्ता सजाय हुने कसुर घटाउने काम नभएसम्म यहाँ धेरै समस्याहरू समाधान हुन बाँकी रहनेछन्' रहमानको भनाई थियो, 'निरन्तर सैनिक शासन झेलिएको एउटा परम्परावादी मुलुकमा यस्ता

विषयमा फरकमत राख्ने सीमा कम छ ।'

जमायल-उलेमा-ई-इस्लामजस्ता धार्मिक पार्टीहरूले पहिल्यै मृत्युदण्ड रोक्ने कुनै पनि कदमको विरोध गरिसकेका छन् । मृत्युदण्ड सजायलाई परिवर्तन गर्ने प्रधानमन्त्रीको घोषणाको केही दिन पछि केही धार्मिक नेताहरूले उक्त प्रस्तावको आलोचना गर्दै संयुक्त वक्तव्य जारी गरेका थिए ।

मानव अधिकार संगठन र मानव अधिकारकर्मीहरूले अपराध साविती गराउन धेरैजसो बन्दीहरू असुरक्षित हुनसक्ने तर्क गर्दै, मृत्युदण्डको पर्खाइमा रहेकालाई क्षमायाचना दिन लामो समयदेखि अभियान छेड्दै आएका छन् ।

अभियोग प्रमाणित गराउन कैदीलाई 'व्यापक' यातना दिइने एचआरडब्ल्युले आफ्नो खुला पत्रमा आरोप लगाएको छ ।

एचआरसीपीका उपाध्यक्ष कमरान अरिफले पनि सन् १९८९ मा चोरी मुद्दामा लाहोरमा पक्राउ गरिएका मक्सुद कलियाको घटना उघृत गर्दै उक्त आरोपप्रति समर्थन जनाए । कालियालाई प्रहरीले पछि एक व्यावसायीको हत्या गरेको अभियोग लगाएर त्यो स्वीकार गर्न यातना दिएको, उनको विरुद्ध साक्षी सृजना गरेको असिफले आईपीएसलाई बताए ।

सुनुवाईका लागि अदालतमा ल्याउँदा उनलाई अत्यधिक कुटिएका कारण मुस्किलैले उभिन सक्ने अवस्थामा हुँदाहुँदै पनि कालियाले हत्याको अभियोग स्वीकारेको अरिफले बताए । पछि अर्कै घटनामा हिरासतमा लिइएका दुई जनालाई हत्या गरेको स्वीकार गरे । तर, लाहोरका प्रहरी प्रमुखले कालिया निर्दोष भएको पुष्टि गरे पनि उच्च अदालतले मुद्दालाई ब्यूँउताउन अथवा नयाँ प्रमाण स्वीकार गर्न अस्वीकार गर्‍यो । अरिफका अनुसार कालियालाई १९९८ मार्चमा झुण्ड्इयो । 'यहाँ यस्ता धेरै घटना छन्, तर अधिकांशमा सजाय पाउने यस्तै गरी उनी निर्दोष नै हुन् भन्ने स्थापित हुन सक्तैन' उनले भने ।

पछिल्लो समय धेरै मानव अधिकार संगठनहरूले उठाएको घटना भनेको जाहिद मासिहको हो । एक निरक्षर सैनिक ढोका पाले उनलाई यही वर्ष १२ मार्चमा पेसावर जेलमा झुड्याइयो । मासिह अन्य तीन जनासहित सन् २००५ मा एक सैनिक अधिकारीको बालको हत्यामा संलग्न भएको आरोपमा पक्राउ परेका थिए । सैनिक अनुसन्धानकर्ताले अन्य तीन जना (जो सबै मुस्लिम थिए) लाई निर्दोष ठहर गरेको थियो । एक सैनिक अदालतले मासिहलाई भने मृत्युदण्ड दिने फैसला गर्‍यो ।

'मासिहलाई २८ दिनसम्म यातना दिइयो र त्यसपछि उनको श्रृंखलाबद्ध साविति बनाइयो । अपराध स्वीकार गरे सबै आरोपबाट मुक्त हुन्छौं भनेर उनलाई केही सैन्य अधिकारी र तिनका अर्दलीले आश्वस्थ तुल्याएको उनले सहस्य खोले' एचआर डब्ल्यूले भनेको छ ।

अधिकार संगठनहरूले पाकिस्तानमा मृत्युदण्डको पर्खाइमा रहेका अधिकांश व्यक्ति कानुनी प्रतिरक्षाका लागि खर्च गर्न नसक्ने अति गरिब भएको तर्क गरेका छन् ।

'यहाँ मृत्युदण्ड सुनाइएकाहरू गरिबहरूमा पनि सबैभन्दा गरिबमा पर्छन' कराचीस्थित केन्द्रीय कारागारका मृत्युदण्ड सुनाइएका कैदीका अधिवक्ता फैसल सिद्दिकीले आईपीएसलाई भने, 'मृत्युदण्डका मुद्दाहरूमा, प्रतिवादीले प्रभावकारी निजी परामर्शको अनुपस्थितिले नै मृत्युदण्ड दिने या केसलाई पन्छाउने भन्ने स्पष्ट हुन्छ, बन्दीहरूलाई जघन्य अपराधका कसुरका कारण होइन, खराब अधिवक्ताका कारण मृत्युदण्ड फैसला हुन्छ ।'

भुट्टो पारिवारिक थर (नाम) को स्वतन्त्रतापछिको पाकिस्तानमा मृत्युदण्ड सजाय उन्मुलन गर्ने पथमा निकट सम्बन्ध रहेको पाइन्छ । १९८८ को डिसेम्बरमा, बेनिजिर भुट्टोले प्रधानमन्त्री निर्वाचित भएपछि गरेको पहिलो कार्यमध्ये मृत्युदण्ड पर्खाइमा रहेकाहरूको सजाय परिवर्तन गर्नु थियो । त्यतिबेला त्यहाँ मृत्युदण्डको पर्खाइमा रहेका सयौं जना जेलमा थिए ।

सन् १९७० मा उनका पिता जुल्फिकर अली भुट्टोले नेतृत्व गरेको सरकारले भविष्यमा मृत्युदण्ड उन्मुलन गर्ने विचारका साथ १४ देखि २५ वर्ष न्यूनतम आजिवन काराबास सजाय तोक्ने सुरूवात गरेको थियो । भुट्टोलाई सन् १९७७ मा जनरल जिया उल-हकले सैनिक विद्रोह गरी सत्ताच्युत गरेका थिए । जनरल जियाले मृत्युदण्डलाई पुन: ब्यूँताए र दुई वर्षपछाडि भुट्टोको 'ब्ल्याक वारेन्ट' मा हस्ताक्षर गरे । भुट्टोका झुण्डाएर मृत्युदण्डलाई धेरैले 'न्यायिक हत्या' को रूपमा लिन्छन् ।

प्रधानमन्त्री गिलानीको घोषणाले मृत्युदण्ड सजाय पाएका कैदीमध्ये भारतीय सरबजित सिंहको परिवारमा पनि खुशी ल्याएको छ । पाकिस्तानमा आतङ्कवादमा संलग्न भएको अभियोगमा मृत्युदण्ड सुनाइएका उनी स्वदेश फर्किनेछन् ।

# राजनीति : सर्वेक्षणले आवश्यक देखायो मध्यपूर्व शान्तिमा राष्ट्रसंघको बृहत्तर भूमिका

– खोडी अक्हाभी र अली घरिब

वासिङ्गटन (**आई.पी.एस्./एन्.पी.आई.**) – अठार राष्ट्रमा गरिएको एक अन्तर्राष्ट्रिय सर्वेक्षण अनुसार ती मुलुकका अधिकांश जनता इरजायल-प्यालेस्टाइन द्वन्द्वमा आफ्ना सरकारले 'कुनै एकको पक्ष' लिन नहुने धारणा राख्छन् । बरू उनीहरू यो द्वन्द्व समाधानका लागि संयुक्त राष्ट्रसंघलाई आह्वान गर्न आफ्ना सरकारले सघाउनुपर्ने सुझाव दिन्छन् ।

वर्ल्डपब्लिकअपिनियन डट ओआरजीले गरेको उक्त अध्ययन प्रतिवेदन अनुसार विश्वका जनताले ६ दशक लामो द्वन्द्व समाधान गर्न विश्वका खेलाडीहरूले कति राम्ररी भूमिका खेलिरहेका छन् भन्ने प्रश्नको जवाफमा इजरायल, प्यालेस्टाइन, संयुक्त राज्य अमेरिका र अरब नेताहरूलाई कम अंक दिएका छन् ।

सर्वेक्षणमा सहभागी गराइएकामध्ये औषत् ५८ प्रतिशतले आफ्नो मुलुकले कुनै एक मुलुकको पक्ष लिन नहुने बताए । सर्वेक्षणमा सहभागी २० प्रतिशतले भने आफ्नो मुलुकले प्यालेस्टाइनीहरूको पक्ष लिनु पर्ने र जम्मा ७ प्रतिशतले इजरायलीको पक्ष लिनुपर्ने धारणा राखे ।

फरक के भने सवेक्षितहरूले समस्या समाधानका लागि संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्ले चुस्त र वृहत्त भूमिका खेल्नुपर्ने औल्याए । औषत् ६७ प्रतिशत सर्वेक्षितले यो मुद्दामा सशक्त संयुक्त राष्ट्रसंघीय सेनाको पक्षमा मत जाहेर गरे भने २० प्रतिशतले यसप्रति विमती जनाए ।

'यो किन महत्वपूर्ण छ ? विश्व जनमतको अर्थ छ । जनमतको अर्थ हुन्छ । जब कसैले कसले के भन्छ, मलाई मतलव छैन भन्छन् भने सम्झनुसन् तिनीहरू ढाँटिरहेका हुन्छन्' मत सर्वेक्षण गर्ने मेरिल्याड विश्वविद्यालयका इन्टरन्यास्नल पलिसी एटिच्युड (पीआइपीए) का निर्देहक स्टेभेन कुलले भने ।

'हामीले यहाँ वैधानिक सेनाका बारेमा बहस गरिरहेका छौं' उनले आफ्नो भनाई जारी राखे, 'वैधानिकताले नै राज्यहरूको शान्ति-सुव्यवस्था सृजना गर्छ, र राज्यहरूबीचको सम्बन्धमा वैधानिकता एउटा ठूलो पक्ष हो ।'

सुरक्षा परिषद्का अधिकांश सदस्यहरू इजरायल-प्यालेस्टाइन अन्तिम सहमती कार्यान्वयनका लागि संयुक्त राष्ट्रसंघीय शान्ति सेना परिचालन गर्ने पक्षमा छन् । ८१ प्रतिशत चिनियाँ, ७४ प्रतिशत फ्रान्सेली, ६७ प्रतिशत बेलायती, ६१ प्रतिशत अमेरिकी र ४७ प्रतिशत रूसी जनता यसको पक्षमा देखिएका छन् ।

मध्यपूर्वका मुस्लीम बहुल जनताले पनि यो प्रस्तावमा समर्थन गरेका छन्, जसमध्ये ६५ प्रतिशत टर्कीबासी, ६४ प्रतिशत इजिप्सियन, ६३ प्रतिशत प्यालिस्टिनी यसको पक्षमा छन् ।

सर्वेक्षणका अधिकांश सहभागीले संयुक्त राष्ट्रसंघको उच्चतम प्रतिबद्धताको पनि समर्थन गर्ने बताए: यदि इजरायली र प्यालेस्टिनी एक शान्ति सम्झौतामा पुगे भने, सुरक्षा परिषदले इजरायल र यसका छिमेकी अरब देशहरूको सुरक्षा प्रत्याभूति दिनुपर्छ । सर्वेक्षणमा लिइएका १६ मध्ये ११ मुलुकले यदि इजरायलमाथि यसका छिमेकी अरब मुलुकहरूले आक्रमण गरेमा सुरक्षा परिषद्ले इजरायलको सुरक्षाको प्रत्याभूति दिनुपर्ने धारणा राखे, जबकी इजरायलले उसका छिमेकी अरब मुलुकमाथि यस्तै आक्रमण गरेमा १६ मध्ये १३ मुलुकले संयुक्त राष्ट्रसंघले तिनको रक्षा गर्नुपर्ने बताए ।

औषत्मा इजरायलको हकमा संयुक्त राष्ट्रसंघले यस्तो सुरक्षा प्रत्याभूति दिनुपर्ने पक्षमा ४५ प्रतिशत र अन्य अरब मुलुकका हकमा ५५ प्रतिशतले मत जाहेर गरे ।

अन्तरवार्ता १८ मुलुकमा गरिएको थियो, जसले विश्व जनसंख्याको ५९ प्रतिशत प्रतिनिधित्व गर्थे । सर्वेक्षित मुलुकमा अधिकांश ठूला देशहरू- चीन, भारत, संयुक्त राज्य अमेरिका, इन्डोनेसिया, नाइजेरिया र रुससहित मेक्सिको, पेरु, बेलायत, फ्रान्स, स्पेन, अजरबैजान, युक्रेन, इजिप्ट, इरान, टर्की, थाइल्याण्ड र दक्षिण कोरिया थिए ।

प्यालेस्टिनी भूभागमा बस्नेलाई पनि सर्वेक्षणमा समेटिएको थियो तर हरेक मुलुकका बासिन्दालाई हरेक प्रश्न सोधिएको थिएन ।

कुनै पनि मुलुकले इजरायलको पक्ष लिएनन् । यहाँ सम्मकी ७१ प्रतिशत अमेरिकीले कुनै पनि पक्षमा आफ्नो सरकार उभिन नहुने धारणा राखे । इरान (६४ प्रतिशत) र इजिप्ट (८६ प्रतिशत) ले मात्र पक्ष लिए, जहाँका जनसंख्याको ठूलो हिस्साले प्यालेस्टाइनको पक्षमा कडा अडान दर्शाए, जबकि टर्की (४२ प्रतिशत) मा तुलनात्मक सानो हिस्साले प्यालेस्टाइनको पक्ष लिए ।

इजरायलले सबैभन्दा खराब 'रेटिङ्ग' प्राप्त गऱ्यो। इजरायल-प्यालेस्टाइन द्वन्द्व समाधानमा इजरायलले आफ्नो पक्षबाट राम्रो काम गरिरहेको छ भनी सोधिएको प्रश्नमा १५ मध्ये १३ मुलुकका सर्वेक्षितले नराकात्मक धारणा राखे । औषतमा ५४ प्रतिशतले इजरायलले समास्या समाधानतर्फ सकारात्मक भूमिका नखेलेको बताएका थिए भने २२ प्रतिशतलेमात्र इजरायलले सकारात्मक भूमिका खेलिरहेको विचार राखे ।

प्यालेस्टिनी भूमिबासीसहित मुस्लिम बहुल मुलुकहरू जस्तै टर्की, इजिप्ट, इन्डोनेसियाका जनताले इजरायलप्रति अधिक नकारात्मक धारणा राख्नु अपेक्षित थियो । र विज्ञहरू के भन्छन भने, प्यालेस्टाइन -इजरायल द्वन्द्वले अरब जनताको दिल र दिमागमा जहिल्यै निरन्तर प्राथामिकता पाइराख्नेछ ।

'यो पीडाको ऐना हो जहाँबाट अरबले विश्वलाई हेर्छन् । यसले इराकलाई जितेको छ । यसले सुन्नी-सिया विभाजनलाई जितेको छ' मेरिल्याण्ड विश्वविद्यालयमा पढाउँदै आएका अरब मिडिया र जनमतका विज्ञ सिब्ले तेल्हामीले भने । उनी ब्रुकिडस् इन्स्टिच्युसनका सबान सेन्टरका वरिष्ठ अध्येता पनि हुन् ।

'यदि तपाई एक इजरायली सरकारी अधिकारी हुनुहुन्छ भने, तपाईले के बुझ्न आवश्यक छ भने यो मुद्दामा अरबका सरकारहरू र जनताहरूबीचमा ठूलो अन्तर छ' तेल्हामी भन्छन्, 'अरब जनताका यस्तो दबाब अरब सरकारहरूले सामना गरिरहेका छन् र उनीहरूले त्यही अनुसारको अडान लिइरहेका छन् ।'

'चाहे जोर्डन, इजिप्ट या साउदी अरेवियाका सरकार हुन्,' उनी भन्छन्, 'निराशाको पारो झैं, 'त्यो अन्तर बढ्दै गइरहेको छ ।'

ब्रुकिङ्स् इन्स्टिच्युसनमा यससम्बन्धी छलफलमा सहभागी भएका बेरूत स्टार डेलीका एडिटर-एट-लार्ज रामी खोउरीले भने, 'अबर जनताहरू निस्कृय रूपमा विरोध गर्ने शैलीबाट सक्रिय रूपले आफ्ना सर्तहरू अघि सार्ने व्यापक रूपमा थालेका छन्, चाहे त्यो भ्रष्टाचार या अख्तियारको दुरूपयोग सम्बन्धी विषयमा होस् या इजरायली हस्तक्षेप या यस क्षेत्रमा पश्चिमा सैनिक आउने मुद्दामा होस् ।'

तेल्हामीले अरब जगतमा हिज्बुल्लाह महासचिव सयद हसन नसरल्लाको अत्यधिक लोकप्रियतालाई 'विद्रोही ऐना' का प्रमाणका रूपमा उद्धृत गरे । नसरल्ला सिया हुन्, तर अधिकांश अरब जनता सुन्नी समुदायका छन् । तैपनि अझै हिज्बुल्लाह नेता यो क्षेत्रमा अरब जनताकाबीचमा सबैभन्दा लोकप्रिय राजनीतिक व्यक्तित्वका रूपमा परिचित छन् ।

'मुख्यत: यो अमेरिका विरोधी स्थिति हो, इरजायल विरोधी स्थिति हो । यो विद्रोही ऐना हो' तेहेल्मीले भने, 'विशेषत यो इजरायलहरूको विरोध र इजरायत-अरब द्वन्द्व बीचको विश्व मूल्याङ्कन हो ।'

१८ हजार ७ सय ९२ व्यक्तिसँग गरिएको उक्त सर्वेक्षण वर्ल्डपब्लिकअपिनियन डट ओआरजीले विश्वका विभिन्न अध्ययन केन्द्रहरूसँग मिलेर गरेको थियो, जसको व्यवस्थापन पीआपीएले गरेको थियो ।

बाट : नेपाल प्रेस इन्स्टिच्यूट
थापाथली–७०७ प्रशुतिगृह मार्ग
पोष्ट बक्स नं. ४१२८, काठमाडौं, नेपाल
फोन नं. ४–२६४१५५, ४–२६६४१८
फ्याक्स नं. २६४१५४

लाई :